*"व्यवसायिक कृषि, पशुपालन र पूर्वाधार, समृद्ध भगवतीमाई गाउँपालिकाको आधार"*

# भगवतीमाई गाउँपालिका, दैलेख
# कर्णाली प्रदेश, नेपाल

## पाँचौ गाउँसभामा प्रस्तुत
## वार्षिक नीति, कार्यक्रम तथा वजेट
## आ.ब. २०७६।०७७

प्रस्तोता :
चन्द्रा रेग्मी(उपाध्यक्ष)
१० आषाढ २०७६

## भगवतीमाई गाउँपालिकाको पाँचौ गाउँसभामा प्रस्तुत आ.व. २०७६।०७७ को लागि वार्षिक नीति, कार्यक्रम तथा बजेट

आदरणीय सभाध्यक्ष महोदय,

१ कर्णाली प्रदेश दैलेख जिल्ला अन्तर्गत भगवतीमाई गाउँपालिकाको समग्र विकास र समृद्धिको समनिकट सम्वन्ध राख्ने यस गाउँपालिकाको पाँचौ गाउँसभाको गरिमामय घडीमा सभाको सुभारम्भ कार्यक्रममा उपस्थित माननीय प्रतिनिधि सभा सदस्य ज्यूहरु, कर्णाली प्रदेशसभा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष तथा गाउँसभा सदस्य ज्यूहरु, सम्पुर्ण कर्मचारीहरु, संचारकर्मी लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दछु । विकासको प्रचुर सम्भावना बोकेको प्राकृतिक सुन्दरताले भरिपूर्ण गाउँपालिकाको रुपमा चिनाउन सकिने यस भगवतीमाई गाउँपालिकाको आगामी आ.व. २०७६।०७७ को  बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवको अनुभूति गरेको छु ।

२. यस शुभ अवसरमा देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनताको हक अधिकारको निम्ती आफ्नो अमूल्य जीवन आहुती गर्नु भएका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सम्पूर्ण घाईते, अपांगता तथा वेपत्ता नागरिकहरुप्रति सम्मान व्यक्त गर्न चाहन्छु । यस गाउँपालिकाको परिकल्पना, विकास र उत्थानमा विगत र वर्तमानमा भूमिका खेल्नु भएका सम्पूर्ण क्षेत्रका व्यक्तित्वहरुको योगदानको उच्च कदर एवं प्रशंसा समेत गर्न चाहन्छु । श्रद्धेय अग्रजहरु, विद्धानवर्ग, राजनीतिक दल, न्यायप्रेमी जनसमुदायले गरेको सहयोग र योगदानप्रति हार्दिक आभार प्रकट गर्दछु ।

३. नेपालमा लामो समयसम्म भएका आन्दोलन, संघर्षपूर्ण वलिदान एवं जनविद्रोहले संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भई राज्यको पुर्न संरचनासँगै सशक्त संघीय, प्रादेशीक तथा स्थानीय सरकारहरु गठन भएको सन्दर्भमा स्थानीय सरकारको रुपमा रहेको भगवतीमाई गाउँपालिकाले संघ र प्रदेशसँग समन्वय र सहकार्य गरी गाउँपालिकावासीको भावना र आवश्यकता महशुस गरी क्रियाशिल हुनुपर्ने आजको परिप्रक्षेमा पक्कै पनि हामी जनप्रतिनिधिप्रति आशात्तित आम सरोकारका विषयहरुलाई सम्वोधन गर्ने

गाउँपालिकाको समृद्धि र गाउँपालिकावासीको हितको लागि आफ्नो स्रोत साधन र सामर्थ्यको अधिकतम परिचालन र उच्च सदुपयोग गरी विकास र समृद्धिको बाटोमा अगाडी बढ्न मार्ग प्रशस्त भएको छ ।

४. **'समृद्ध नेपाल, सुखी नेपालीको**" राष्ट्रिय आकांक्षालाई आत्मसात गर्दै **'समृद्ध भगवतीमाई, सुखी भगवतीमाईवासी'** को दीर्घकालीन सोच अनुरुप समतामूलक समाज निर्माण गर्दै समाजवाद तर्फको यात्रामा दृढताका साथ गाउँपालिका अघि बढेको छ । भगवतीमाई गाउँपालिकाको स्थानीय सरकार आम नागरिकको सर्वाङ्गिण विकास, समतामूलक समाज हुँदै सामाजिक न्याय सहितको समाजवाद उन्मुख समुन्नत, समृद्ध र सभ्य गाउँपालिका निर्माणमा प्रतिवद्ध रहेको कुरा तपाईहरु समक्ष राख्न चाहन्छु ।

५. गाउँपालिकावासीको आवश्यकता, प्राथमिकता र अधिकारको समूचित रुपमा विकास गर्न सकिएमा गाउँपालिका गाउँपालिकावासीहरुप्रति उत्तरदायी ठहर्छ भन्ने कुरालाई मनन गर्दै **"व्यावसायिक कृषि, पशुपालन र पुर्वाधार, समृद्ध भगवतीमाई गाउँपालिकाको आधार"** भन्ने परिकल्पनालाई साकार पार्न म यस सभा समक्ष संक्षिप्त रुपमा आ.व. ०७६।०७७ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## <u>नीति तथा कार्यक्रम</u>

### वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाका आधारहरु

१. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४,

२. पन्ध्रौ योजनाको आधारपत्र,

३. राष्ट्रिय प्राकृति स्रोत तथा वित्त आयोग ऐन

४. नेपाल सरकारले जारी गरेका ऐन, कानून, नीति तथा निर्देशनहरु

५. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा मार्गदर्शन तथा दिग्दर्शन,

६. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

७. कर्णाली प्रदेश सरकारको नीति तथा लक्ष्य र विकासका अन्तर सम्वन्धी विषयहरु,

८. नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता, सृजित दायित्व र कर्णाली प्रदेश सरकारले अवलम्वन गरेका नीतिहरु

९. गाउँपालिकाका पदाधिकारी ज्यूहरु, राजनीतिक दल, विषयगत शाखा, नीजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु,

१०. वस्ती तथा टोलस्तरीय भेला, वडा समिति, विषयगत समिति हुँदै सहभागितामूलक योजना तर्जुमा प्रक्रियाद्धारा आएका योजना, कार्यक्रम तथा सुझावहरु

११. भगवतीमाई गाउँपालिका क्षेत्रमा विकासका अवस्था तथा चुनौति र वस्तुस्थिति विश्लेषण ।

**सभाध्यक्ष महोदय,**
**अब म चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समिक्षा पेश गर्ने अनुमति चाहन्छु ।**

६. राज्यको पुनः संरचनासँगै भगवतीमाई गाउँपालिकाको स्थापना भएपछिको पहिलो स्थानीय सरकार गठन भई २ वर्षमा विभिन्न चुनौतिहरुको सामना गर्दै भगवतीमाई गाउँपालिकाप्रति स्थानीय आम नागरिकको आवश्यकता र अपेक्षालाई मूर्तरुप दिनु पर्ने ऐतिहासिक जिम्मेवारी हाम्रो काँधमा छ । स्थानीय तहको अधिकार क्षेत्र तथा जिम्मेवारी कार्यान्वयन गर्न आवश्यक विभिन्न ऐन, नियम कानूनहरुको अभाव तथा नीतिगत अस्पष्टता, कर्मचारी समोजनको प्रभाव तथा प्राविधिक जनशक्तिको अभावका बीच भगवतीमाई गाउँपालिकाले विभिन्न आफ्नै स्थानीय कानूनहरुको निर्माण, भौतिक पूर्वाधार, आर्थिक विकास र सामाजिक विकासमा यो २ वर्षे कार्यकालमा महत्वपूर्ण सफलता हासिल गरेको छ ।

७. यस भगवतीमाई गाउँपालिकाले हालसम्म विभिन्न ३१ वटा ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरु निर्माण गरी लागु गुर्नको साथै श्रम रोजगार बैंक व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७६ पारित गरी आम नागरिकहरुलाई विकास निर्माणमा संलग्नता बढाउन प्रतिवद्ध रहेको छ । विभिन्न प्रकृतिका विपद्जन्य प्राकृतिक प्रकोप पीडितहरुलाई विभिन्न राहत तथा आर्थिक सहयोग उपलब्ध गराईएको छ ।

८. गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्नको लागि भगवतीमाई गाउँपालिका वडा नं. २ मा ५ रोपनी जग्गा पास गरिएको छ । साथै वडा नं. ४ र ५ को वडा कार्यालय र सामुदायिक स्वास्थ्य इकाइको भवनको लागि क्रमश २ र ३ र ४ रोपनी जग्गा पास गरी सकिएको छ ।

९. वडा नं. ३ सान्तडामा १५ शैयाको अस्पताल निर्माण गर्नको लागि १४ रोपनी जग्गा पास गुर्नको साथै कर्णाली प्रदेशसरकारबाट समपुरक अनुदान रकम रु. १ करोड प्राप्त गरी अस्पताल निर्माणको लागि रु १ करोड ६७ लाख को वोलपत्र आह्वान भई कार्य प्रारम्भ भएको छ । नेपाल सरकारको ग्रामीण विद्युतीकरण नीति अन्तर्गत यस भगवतीमाई गाउँपालिकाका प्रत्येक वडा तथा वस्तीमा विद्युतको राष्ट्रिय प्रसारण लाईन विस्तारको लागि ग्रामीण सामुदायिक विद्युतीकरण विभागसँग समपुरक अनुदान माग गरी यस गाउँपालिकाको रु. १००७५१४७०६ लागत सहभागितामा रु. १००७५१४७०।६० को बोलपत्र आह्वान भएको र कार्य छिटै आरम्भ हुनेछ । गाउँपालिकाको केन्द्र वेस्तडामा केहि दिनमा नै राष्ट्रिय प्रसारण लाईनबाट वत्ती बल्ने छ भने यस गाउँपालिकाबाट रु. १ करोड रकम वडा नं. २, ३ र ४ को वडा कार्यालयसम्म विद्युत लाईन विस्तारको कार्य अन्तिम चरणमा पुगेको छ ।

१०. ग्रामीण जलस्रोत परियोजनासँगको साझेदारीमा भगवतीमाई गाउँपालिका वडा नं. १, ५ र ७ मा खानेपानी योजनाको “**एक घर एक धारा**”को नीति अनुसार कार्य अगाडी बढाईएको तथा वडा नं ४ मा सहडे सिंचाई योजना सम्पन्न हुने अवस्थामा छ ।

११. यस गाउँपालिकाको लागि प्राप्त सशर्त अनुदान तथा वित्तीय समानीकरण रकमबाट रु २४ लाख बराबरको औषधी खरिद गर्नुको साथै प्रदेश स्वास्थ्य कार्यालय र स्वास्थ्य कार्यालय, दैलेखसँग विभिन्न औषधी माग गरी स्वास्थ्य संस्थाबाट गरिने औषधी वितरण र उपचारको पर्याप्त व्यवस्था गरिएको छ । साथै स्वास्थ्य सेवाको उपलब्धता तथा स्वस्थ नागरिक र स्वच्छ समाज निर्माणको लागि विभिन्न स्वास्थ्य सेवा, कार्यक्रम तथा शिविरहरु संचालन भएका छन् ।

१२. गाउँपालिकामा सडक संजाल लगभग १२६ किलोमिटर जोडिएको छ भने प्रत्येक वडामा १० महिना यातायात संचालन हुने गरी सडक स्तरोन्नती गरिएको छ । साथै जगनाथ स्वास्थ्य चौकी भवन निर्माण, विभिन्न विद्यालयहरुमा ११ वटा विद्यालय भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।

१४. महिला, दलित, जनजातीलाई आयआर्जन मुलक क्रियाकलापहरुमा संलग्न गराई आत्मनिर्भर बनाउने कार्यक्रम लागु भएका छन भने वडा नं. ६ जनजाती वस्तीमा होमस्टे स्थापनाको लागि होमस्टे भवन निर्माण गरिएको छ ।

१५. यस गाउँपालिकाको विकासको मुख्य आधारको रुपमा रहेको कृषि क्षेत्रको व्यावसायीकरण, विविधिकरण र बजारीकरणको लागि १ वटा तरकारी संकलन केन्द्र, २ वटा रष्टिक स्टोर निर्माण गरिएको छ भने किसानहरुलाई व्यावसायिक कृषिमा सामेल हुनको लागि विभिन्न अनुदानका कार्यक्रमहरु कार्यान्वयन गरिएको छ ।

१६. गाउँपालिकाको वास्तविक वस्तुस्थितिलाई अवलोकन गरी विकास निर्माणका नीति अवलम्वन गर्नको लागि गाउँपालिकाको पाश्र्वचित्र निर्माण गरिएको छ भने पञ्च वर्षीय आवधिक योजना (२०७६।०७७ –०८०।०८१) निर्माण कार्य प्रारम्भ भएको छ ।

१७. भौतिक पूर्वाधारका योजनाहरुलाई व्यवस्थित र दिर्घकालीन बनाउन विभिन्न १७ वटा योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार गरिएको छ ।

१८. संविधान तथा कानूनमा अधिकार र जिम्मेवारी किटान हुनु, अन्तर सरकारी वित्तीय हस्तान्तरणले गाउँपालिकाको योजना तथा विकास निर्माणमा सहयोग पुग्नु, मध्यपहाडी (पुष्पलाल) लोकमार्ग गाउँपालिका केन्द्रभएर जानु, व्यावसायिक कृषि तथा पशुपालनको लागि उपयुक्त हावापानी र जमिन उपलब्ध हुनु, जल, जंगल र जमिन तथा स्लेट खानीको पर्याप्त उपलब्धता हुनु, आन्तरिक पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्न सकिने जस्ता अवसरहरु रहेका छन् ।

१९ गाउँपालिका तथा वडा कार्यालयहरुको आफ्नै कार्यालय भवनहरु नहुन, कर्मचारीहरुको अभाव हुनु, सीमित स्रोत साधन हुनु, योजना तथा कार्यक्रममा प्रभावकारी जनसहभागिता जुटाउन नसकिनु, आन्तरिक आय न्यून हुँदा प्रदेश तथा संघीय सरकारको अनुदानमा भर पर्नुपर्ने, गाउँपालिकाको एकीकृत विकास तथा आवधिक योजना र गुरुयोजनाहरु नहुन, सम्पत्ति कर प्रणाली कार्यान्वयनमा ल्याउनु पर्ने जस्ता प्रमुख समस्या तथा चुनौतिका रुपमा रहेका छन् ।

**आगामी आर्थिक वर्ष २०७६।०७७ को बजेटका उदेश्य र प्राथमिकताहरु**

२०. यस बजेटको मुख्य उदेश्य स्वाधिन, समुन्नत तथा समाजवाद उन्मुख अर्थतन्त्रको विकास गरी गाउँपालिकालाई समृद्धिको गन्तव्यमा अवतरण गराउनु नै हो । यसका लागि निम्नलिखित उदेश्यहरु अवलम्वन गरिएका छन् ।

(क) यस गाउँपालिकाभित्र रहेका स्रोत साधन, पुँजी, श्रम तथा जनशक्तिको उपयोग गरी आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारको विकास गर्ने,

(ख) कृषि क्षेत्रको व्यावसायीकरण, विविधिकरण तथा आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिसँगै कृषि उपजमा आत्मनिर्भर गाउँपालिका बनाउने,

(ग) सेवा प्रवाहलाई चुस्तदुरुस्त र पारदर्शी बनाई भ्रष्टाचारमुक्त बनाउने ।

१९. उपरोक्त उदेश्यहरु पुरा गर्न आर्थिक वर्ष २०७६।७७ को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गरेको छु ।

क) गाउँपालिकाको कार्यालय र वडा कार्यालय भवन निर्माण,

(ख) ऊर्जा, सडक, खानेपानी, सिंचाई, सूचना संचार तथा प्रविधि जस्ता पूर्वाधारहरुको विकास

(ग) कृषि, पशुपालन, जडीबुटी जस्ता आर्थिक विकासका क्षेत्रहरु

(घ) शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, सामाजिक न्याय र समावेशीकरण ।

(ङ) सेवाप्रवाह, सुशासन र सामाजिक सुरक्षा,

**सभाध्यक्ष महोदय,**

**आ.व. २०७६।०७७ को बार्षिक बजेट तथा कार्यक्रममा अवलम्बन गरिएका प्रमुख नीतिहरु** प्रस्तुत गर्न चाहन्छु ।

२०. **प्रमुख नीतिहरुः**

- जनविश्वासको माध्ययमबाट सुशासनको प्रत्याभुती गराईने छ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुको व्यवस्थापन, जनशक्ति र स्रोत साधनको व्यवस्थापन गरिनेछ ।
- स्थानीय तहको अधिकार क्षेत्रभित्र गाउँपालिकाले लगाउन र उठाउन पाइने कर तथा गैरकर, राजश्वका स्रोतको पहिचान, संकलन, उपलब्ध स्रोतहरुको अधिकतम प्रयोग गर्न जोड दिईने छ ।
- वातावरणमैत्री, बालमैत्री स्थानीय शासन पद्धती कार्यान्वयनमा ल्याइनेछ ।
- ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र संवर्द्धनमा जोड दिइनेछ ।
- सकरात्मक सोच पद्धतीको विकास गराईने छ
- प्रोत्साहन, सम्मान र सामाजिक दायित्वको विकास गरिने छ ।
- आम नागरिकमा दृढ संकल्प र अठोटको विकासमा जोड दिईने छ ।
- यस गाउँपालिकाको सामाजिक, भौतिक र आर्थिक विकासको लागि आवधिक योजना, क्षेत्रगत गुरुयोजना (Master Plan) निर्माण गरि योजनाबद्ध विकास अभियानहरु कार्यान्वयन गर्न विभिन्न सरकारी, गैरसरकारी तथा दातृ निकायहरुसंग समन्वय र सहकार्य गरिने छ ।

सभाध्यक्ष महोदय,
अब म विषय क्षेत्रगत नीति प्रस्तुत गर्ने अनमति चाहान्छु ।

**२१. क्षेत्रगत नीतिहरु :**

**१.आर्थिक विकास**

**क. कृषि :**

- **"कृषि तथा पशुपालनमा व्यवसायीकरण, गरिवी न्युनीकरण"** भन्ने मान्यतालाई मुर्तरुप दिन परम्परागत रैथाने बाली (धान, मकै, कोदो, गहुँ, जौ, फापर, काकुनो, आलु, भटमास) को संरक्षण गर्दै व्यावसायिक कृषि उत्पादन वढाउन आवश्यक कार्यक्रमहरु ल्याईनेछ । पशुपालनको रुपमा बाखा र भैसीको व्यवसायिक उत्पादनलाई जोड दिदै दुध, घ्यू, मासुमा आत्मनिर्भर हुनुको साथै निर्यात प्रवर्द्धनलाई विशेष जोड दिईनेछ ।
- प्रत्येक वडाको कृषि उत्पादन हुने भूमीको उत्पादकत्व पहिचान गरी एक वडामा ३ वटा पकेट क्षेत्र घोषणा गरी कृषिको व्यावसायीकरणमा जोड दिईनेछ । यस गाँउपालिकालाई कर्णाली प्रदेश सरकारले अर्गानिक मोडेल गाउँपालिका निर्माण गर्नको लागि कार्यक्रम कार्यन्वयन गरि रहेको हुँदा उक्त कार्यक्रमलाई टेवा पुग्ने नीति अवलम्वन गरिनेछ ।
- बाखा, गाईभैंसी, बंगुर स्थानिय जातका कुखुरा तथा माहुरीपालन फर्महरु व्यवसायिक रुपमा संचालन गरी उत्पादन र बजारीकरण गरिनेछ ।
- व्यवसायिक कृषकलाई आवश्यक पर्ने बेर्नाका लागी नर्सरी तथा , पशुचौपायहरुको नश्ल सुधारको लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- अदुवा, वेसार, लसुन र टिमुर आदी मसलाबालीको व्यवसायिक उत्पादन, प्रोत्साहन र बजारीकरण गरिनेछ । कृषि व्यवसाय प्रर्वद्धनको लागी आवश्यकता अनुसार रस्टीक स्टोर, तरकारी संकलन केन्द्र र हाटबजार आदी जस्ता संरचनाहरुको निर्माण गरिनेछ ।
- कृषकहरुबाट उत्पादन गरिएको कृषि उपजलाई सुरक्षीत रुपमा संकलन गरि राख्नको लागी नीजि क्षेत्र र सहकारीसँगको साझेदारी कार्यक्रम अर्न्तगत चिस्यान केन्द्र स्थापनाको लागी संभाव्यता अध्ययन गरिनेछ ।
- यस गाउँपालिकाभित्र फलफूलका भिन्नाभिन्नै पकेटक्षेत्र घोषणा गरी मागमा आधारित सुन्तला, कागती, जुनार, आँप, मेवा, केरा, लिची, एभोकाडो, नास्पती, ओखर जस्ता फलफूलका बिरुवाहरु सहुलियत दरमा पकेट क्षेत्रका

विभिन्न कृषक, किसान समूह, कृषि फर्म र सहकारीहरुलाई लगाउन प्रोत्साहित गरि यस गाँउपालिकालाई फलफुलमा आत्मनिर्भर बन्नको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- **"हाम्रो उत्पादन हाम्रो शान, कृषि पेसालाई गरौँ सम्मान"** भन्ने मान्यतालाई सार्थक बनाउन कृषि तथा पशुपालनमा नमुना फर्म स्थापना गर्ने कृषक, कृषक समूहलाई उचित प्रोत्साहन एवं सहयोग गरिने व्यवस्था मिलाईएको छ ।
- कृषि तथा पशुपालन गरिरहेका किसानहरुको कृषि उत्पादन एवं उपज माथि हुने क्षतिलाई मध्यनजर गरी सो व्यवसायलाई सहज ढंगले निरन्तरता दिनको लागि कृषि तथा पशु विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषि तथा पशु व्यावसायलाई प्रतिस्पर्धात्मक बनाउनको लागि गाउँपालिकाको उपयुक्त स्थानमा बर्षमा कम्तिमा एक पटक कृषि मेला प्रदर्शनी गर्ने व्यवस्था मिलाईने छ ।
- कृषि तथा पशु व्यावसायलाई मर्यादित बनाउनको लागि गाउँपालिका भित्रका उत्कृष्ट कृषकहरुलाई मुल्याङ्कनको आधारमा बार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।
- यस गाउँपालिकामा कृषि तथा पशु सम्बन्धी कार्यक्रम गर्ने संघसंस्थाहरुले एकद्वार प्रणालीको आधारमा कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ ।
- अगुवा कृषक तथा स्थानीय कृषि स्रोत व्यक्तिलाई कृषि ज्ञान, सीप र दक्षताको आधारमा परिचालन गरिनेछ । साथै कृषिसँग सम्वन्धित प्राविधिक जनशक्ति व्यवस्थापन समेत गरिनेछ ।
- कृषि सम्वन्धी कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयन गर्नको लागि कृषि क्षेत्र विकास कार्यक्रम(ASDP) तथा अन्य संघसंस्थासँग सहकार्य, साझेदारीमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ । साथै संघसंस्थासँग समन्वय र साझेदारीमा गाउँपालिका केन्द्रमा एउटा दुग्ध डेरी स्थापना गर्न पहल गरिनेछ ।

**ख. उद्योग तथा बाणिज्य :**

- यस गाउँपालिकाका विभिन्न क्षेत्रमा रहेका स्लेट तथा काईनाईट खानीहरुको उचित उत्खनन र प्रशोधनको साथै लोक्ता कागजको उत्पादनका लागि सम्भाव्यता अध्ययन गरी स्थानीय स्लेट तथा काईनाईट र लोक्ता कागज उद्योग संचालन गर्न आवश्यक पहल गरिनेछ । विभिन्न निर्माण कार्यमा स्लेटको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- अवैध रुपमा खानी संचालन गरी स्लेट तथा काईनाईट उत्खनन र निर्यात गर्ने कार्यलाई निरुत्साहित गरिने छ ।
- यस गाँउपालिका भित्र रहेको स्लेट खानीको पहिचान प्रशोधन गरि अन्य जिल्लामा निर्यात गर्ने र रोजगारी श्रृजना गर्ने नीति लिएको छु ।
- सम्भाव्य उद्यमीहरुको पंहिचान गरी औद्योगिक ग्रामको स्थापना गर्न संघीय सरकारसँग आवश्यक समन्वय एंव पहल गरिने छ ।
- लघुउद्यम तथा सीप विकास तालिमको माध्यमबाट स्वरोजगारीको श्रृजना गरी युवाहरुलाई आत्मनिर्भर बनाउने नीति लिईनेछ ।
- व्यापार व्यवसाय गर्ने व्यक्तिलाई पसल दर्ता गर्न लगाई करको दायरा फराकिलो बनाउदै करको दायरा भित्र ल्याउने  नीति लिईएकोछ ।
- अवैध मदिरा निषेध र बैध मदिरालाई **"मदिरा नियन्त्रण कार्यविधि"** कार्यान्वयन गरी नियन्त्रण गर्ने र निश्चित क्षेत्र तोक्ने नीति लिईएको छ । साथै आयातमुखी व्यवसाय भन्दा निर्यातमुखी व्यवसायलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिएको छ ।
- उपभोग्य वस्तुको गुणस्तरीयता  तथा उपभोक्ताको हकहितलाई ध्यानमा राखी उद्योग वाणिज्य संघसँग समन्वय गरी नियमित बजार अनुगमन तथा नियमन गरिनेछ ।

**ग. पर्यटन :**

- तानाशाही राणा शासन विरुद्धको आन्दोलनमा प्राण आहुती गर्ने यस क्षेत्रका प्रथम शहिद (भगवतीमाई ३, मेहेलतोली निवासी) मयाराम रेग्मीको सम्झनामा "***शहिद मयाराम स्मृति पार्क***" निर्माणको लागी चालु आ.व.मा

कार्य प्रारम्भ भएको र विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) समेत तयार भईसकेको हुँदा स्मृति पार्क पुर्वाधार निर्माण कार्यलाई निरन्तरता दिन केही बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु । साथै संघीय सरकार तथा प्रदेश सरकारसँग थप पूर्वाधार निर्माणको लागि पहल गरिने छ ।

- यस गाँउपालिकाको वडा नं १ शिवपुरी डाँडामा रहेको शिव मन्दिरको व्यवस्थापन तथा प्रचार प्रसारको कार्यलाई प्राथमिकता साथ अगाडी बढाउनको लागी केहि रकम विनियोजन गरिनेछ ।
- यस क्षेत्रको प्रसिद्ध देवी भगवतीमाई (वडा नं ३ मेहेलतोली) लाई धार्मिक गन्तव्यको रुपमा विकास गर्नको लागि प्रदेश सरकारसँग समन्वय गरी कार्य प्रारम्भ गरिनेछ ।
- यस गाउँपालिकाको सर्वोच्च शिखर नयाँ मालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यस्थलको रुपमा स्थापित गर्नको डि.पि.आर. तयार भै सकेको र नयाँ मालिकादेवीको मन्दिर निर्माणका साथै त्रिपानी, नयाँ मालिका जगनाथ हिल्स पर्यटकिय सर्किट तथा अन्य पुर्वाधार विकासको लागी संघीय र प्रदेश सरकारसँग आवश्यक साझेदारी र सहयोगको लागि पहल गरिने छ ।
- यस भगवतीमाई गाउँपालिकाको प्रवेशविन्दु नारायण नगरपालिका र भगवतीमाई गाउँपालिकाको सिमानामा स्वागतद्धार निर्माण गरिनेछ ।
- यस गाउँपालिकामा रहेका पर्यटकिय क्षेत्रहरु वडा नं ४ जगनाथ र छेडागाड नगरपालिका जाजरकोटको शिरमा रहेको जगनाथ हिल्स र मालिका मन्दिर, वडा नं ७ वडाभैरवको शिखरद्धारी मन्दिर र शिखरद्धारी चमेरे गुफा, वडा नं ६ कट्टीको बुरुसेमालिका मन्दिर तथा वडा नं.३ मेहेलतोलीको थाई लेकमा रहेको त्रिपानी झरना लगायतका सम्पदाहरुको उचित प्रवर्द्धन गरि पर्यटकीय गन्तव्य वनाउनको लागि भ्यू टावर निर्माण, पदमार्गको स्तरोन्नती, वडा नं. ५ र ६ को जनजाती वस्तीमा होम स्टे (Home Stay) सञ्चालन गरिनेछ ।
- यस क्षेत्रको सांस्कृतिक तथा स्थानीय कलाकृति, मौलिक साँस्कृतिक परम्परा तथा रितिरिवाजको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्रि निर्माण गर्ने, विद्युतिय सामाजिक सञ्जाल तथा टेलिभिजनबाट प्रसारण गरि पर्यटन क्षेत्रको प्रवर्द्धन र विकासको लागि संघीय सरकार तथा प्रदेश सरकासरसँग आवश्यक समन्वय गरिने छ ।

**घ. सहकारी तथा वित्तीय :**

- सहकारीको विकास तथा प्रवर्द्धन गरी जनताको आयआर्जन वृद्धि गरिनेछ ।सहकारी विकास सम्वन्धी तालिम तथा गोष्ठीको आयोजना गरी सहकारीको क्षमता अभिवृद्धि गरिनेछ ।
- यस गाउँपालिका मातहत रहेका सहकारी संस्थाको अनुगमन, नियमन तथा व्यवस्थापन प्रभावकारी बनाई सहकारीलाई गरिवी निवारणको मुख्य माध्ययमको रुपमा संस्थागत गरिने छ ।
- गाँउपालिका भित्र रहेका सहकारीहरुको कार्य प्रभावकारीताको लागी गाँउपालिका स्तरमा संजाल गठन गर्ने व्यवस्था मिलाईनेछ साथै समुह र सहकारीहरुको सहकार्यमा विकास निर्माण कार्य संचालन गरिने व्यवस्था मिलाईनेछ ।
- गाँउपालिका भित्र संचालन गरिने कृषि तथा पशु विकासका कार्यक्रमहरु प्रस्तावनाको आधारमा सहकारीबाट संचालन गरिने नीति अवलम्बन गरिनेछ ।
- **"कृषि पशुपालन र पुर्वाधार, समृद्ध भगवतीमाई गाँउपालिकाको आधार"** भन्ने मुलमन्त्रलाई आत्मसात गर्दै कृषि सहकारीहरुको प्रर्वद्धन तथा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

**ङ. रोजगारी :**

- स्थानीय स्रोत, साधन र श्रमको उपयोग गरी स्थानीय रोजगारीलाई वृद्धि गर्नको लागि श्रमरोजगार बैंकको स्थापना गरी विभिन्न विकास निर्माणका योजना तथा कार्यक्रमहरुमा श्रमिक समूहलाई पहिलो प्राथमिकता दिई रोजगारी सृजना गरिनेछ ।
- गाँउपालिका भित्र रहेको बेरोजगारी समस्यालाई समाधान गर्नको लागी एक छुट्टै रोजगार बैंक स्थापना गरी बेरोजगार युवायुवतीलाई रोजगार दिने नीति अवलम्बन गरिनेछ ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन रोजगार सेवा केन्द्रलाई सक्रिय बनाईनेछ ।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदसंग समन्वय गरी सीप विकासका तालिम संचालन गरी गाँउपालिका भित्र रहेका बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउने नीति ल्याईनेछ ।

- विदेशबाट फर्किएका युवाहरुको सीप, क्षमता तथा अनुभवलाई अधिकतम उपयोग गरी उनीहरुलाई व्यावसायिक रुपमा आत्मनिर्भर बनाउने नीति अवलम्वन गरिनेछ ।

## २. सामाजिक विकास

### क. शिक्षा

- ***"अनिवार्य र निशुल्क आधारभूत शिक्षा, हामी सबैको ईच्छा"*** भन्ने नारालाई सफल बनाउनको लागि विद्यालयको पहुँच भन्दा बाहिर रहेका वालवालिकाको आधारभुत शिक्षा प्राप्तिको लागि विभिन्न चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, बालमैत्री विद्यालय वातावरण, विभेदरहित विद्यालय, वालवालिकाका लागि विद्यालयको सहज पहुँच, जस्ता कार्यक्रमहरुको साथै विद्यालयको पूर्वाधार विकास लगायतका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- यस गाउँपालिका भित्रका उत्कृष्ट सिकाई उपलब्धी भएका विद्यालयहरुलाई सिकाई सुदृढीकरण तथा विद्यालयको कार्यसम्पादन, विद्यालय सुधार योजना तथा उपलब्धीमा आधारित अनुदानको व्यवस्था गरी शैक्षिक गुणस्तर सुधार गर्न प्रोत्साहन गरिनेछ ।
- पक्की भवनको अभाव भएका विद्यालयहरुको केहि भवन निर्माण भइसकेका र थप भवन निर्माणको लागि केहि बजेट विनियोजन गरिएको छ । ठूला संरचना तथा भवन निर्माण गर्नुपर्ने विद्यालयहरुको हकमा प्रदेश तथा संघीय सरकारसँग पहल गरिनेछ । पुस्तकालय स्थापना र व्यवस्थापन, विज्ञान प्रयोगशाला अनुदान, स्वच्छ खानेपानी, स्वास्थ्य र सरसफाई सम्वन्धी शौचालय निर्माण तथा शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोगका लागि अनुदानको व्यवस्था गरी विद्यालयलाई भौतिक सुविधा सम्पन्न बनाईनेछ ।
- विद्यालयहरुको शैक्षिक गुणस्तरलाई वृद्धि गर्नको लागि विद्यालयहरुको निरन्तर अनुगमन र नियमन गरिनेछ ।
- विद्यालय कर्मचारी र बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको कार्यसम्पादनलाई थप प्रभावकारी र उच्च मनोवल बनाउन प्रोत्साहन स्वरुप केहि रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।
- विद्यालय कर्मचारीहरुको सेवा सुविधा वृद्धिको लागि संघीय र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

***ख. स्वास्थ्य :***

- कर्णाली प्रदेश सरकारको हरेक स्थानीय तहमा १५ शैयाको अस्पताल बनाउने नीति अनुरुप यस भगवतीमाई गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माणको लागि प्रदेश सरकारसँगको साझेदारीमा निर्माण कार्य भगवतीमाई ३ सान्तडामा सुरु भईसकेको हुँदा अस्पताल निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य सेवालाई सर्वसुलभ र नागरिकको निशुल्क स्वास्थ्य उपचारको हकलाई सुनिश्चित गर्न पर्याप्त औषधीको व्यवस्था गरिनेछ । साथै स्वास्थ्य संस्थालाई सृदृढ र सक्षम तुल्याइने छ ।
- भवन नभएका स्वास्थ्य संस्थाको मापदण्ड वमोजिमको भवन निर्माण गर्नको लागि संघीय र प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ ।
- सुरक्षित वर्थिङ्ग सेन्टर र खोप केन्द्रको व्यवस्थापनमा जोड दिईनेछ ।
- महिला स्वास्थ्य स्वयमसेविकाको योगदानको कदर गर्दै प्रोत्साहन गरिनेछ ।
- वडा नं.६ चिपिनमा रहेको सामुदायिक स्वास्थ्य इकाइलाई स्तरोन्नती गरी स्वास्थ्य चौकी स्थापनाको लागि प्रदेश सरकारसँग पहल गरिनेछ ।
- सुनौला हजार दिनका आमा तथा शिशुहरुलाई संरक्षण र विकासका लागि बहुक्षेत्रीय पोषण योजना(MSNP) सँग समन्वय र सहकार्य गरी आवश्यक कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

**ग. खानेपानी तथा सरसफाई :**

- **"स्वच्छ खानेपानी, स्वस्थ आनीवानी"** नारालाई सार्थकता दिन यस गाउँपालिकाका सम्पूर्ण जनताहरुलाई स्वच्छ खानेपानी र सरसफाईको सहज पहुँचको लागि ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMP) लगायत अन्य विकास साझेदारहरुसँगको समन्वय एवं साझेदारीमा **"एक घर, एक धारा"** नीति लागु भएको हुँदा आगामी ३ वर्षमा प्रत्येक घरमा एक धारा निर्माण गरिनेछ । साथै आयोजनाको दिगोपनाको लागि सम्वन्धित उपभोक्ताहरुलाई नै क्रियाशिल बनाई मर्मत संभार कोषको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकाको केन्द्र वेस्तडा बजार क्षेत्रमा बालबालिका, महिला तथा अपांगतामैत्री सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।

- भगवतीमाई गाउँपालिका खुल्ला दिशा मुक्त क्षेत्र घोषणा भई सकेको हुँदा पुर्ण सरसफाई गाउँपालिका बनाउन आवश्यक सरसफाईका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र वृहत खानेपानी योजना निर्माणको लागि प्रदेश सरकार तथा संघीय सरकारसँग पहल गरिनेछ ।
- गाउँपालिकाक्षेत्र भित्र रहेका खानेपानीका मुहानहरु संरक्षण र पुराना खानेपानी योजनाहरुको मर्मत सम्भार गरिने छ ।

***घ. संस्कृति प्रवर्द्धन :***

- परम्परागत कला संस्कृति, जात्रा, मेलाको संरक्षण, संवर्द्धन र विकास गर्नका लागि आवश्यक पहल गरिने छ ।
- लहरे पैचरी, मयुर नाच, मारुनी नाच, रत्यौली, पञ्चेबाजा जस्ता परम्परागत संस्कृतिहरुलाई प्रवर्द्धनको लागि आवश्यक नीति अवलम्वन गरिएको छ ।

**ङ. लैंगिक समानता तथा सामाजिक समावेशीकरण :**

- यस गाउँपालिकामा रहेका दलित, जनजाति, महिला, अपाङ्ग लगायत लक्षित वर्गको सामाजिक, भौतिक र आर्थिक उन्नतीको लागि विभिन्न सरकारी र गैर सरकारी क्षेत्रसंग समन्वय र सहकार्य गरि मानवीय विकासको मुलधारमा समाहित गर्नको लागि विभिन्न सशक्तिकरणका कार्यक्रमहरु संञ्चालन गरिनेछन ।
- गरिव विपन्न तथा दलित समुदायका साथै लोपोन्मुख अवस्थामा रहेका राउटे, वादी, गन्धर्व मध्येबाट सामाजिक तथा आर्थिक परिस्थिति कमजोर भएका परिवारहरुको आवासको लागि जनता आवास कार्यक्रमसंग समन्वय गरी आवास निर्माणका लागि आवश्यक पहल गरिने छ ।
- यस भगवतीमाई गाउँपालिका भित्र विद्यमान सवै प्रकारका विभेदहरुको अन्त्य गरि ***"विभेदरहित गाउँपालिकाको शान, सबै नागरिकको आत्मसम्मान"*** नारालाई सफल बनाउन जातीय छुवाछुत, लैङ्गिक बिभेद, छाउपडी प्रथा, बोक्सी प्रथा, बालविवाह आदि कुरिति र अन्धविश्वास तथा महिला हिंसाको विरुद्धमा सचेतना अभिबृद्धि गरिने छ ।

- सहिद परिवार, द्वन्द्वपिडित, वेपत्ता परिवारहरुलाई गाउँपालिकाबाट प्रवाह गरिने सेवा, सुविधामा उच्च प्राथमिकता दिईनेछ ।
- जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता (पंञ्जीकरण) प्रकृयालाई प्रभावकारी वनाउनको लागि नेपाल सरकार केन्द्रिय पञ्जिरकण विभागले संञ्चालन गरेको MIS System बाट विवरणहरु अध्यावधिक गर्नको साथै सामाजिक सुरक्षा रकम समयमा नै सहज र सरल रुपमा वितरण गर्ने व्यवस्था गरिने छ ।
- जेष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरणको लागि प्रत्येक वडामा जेष्ठ नागरिक मिलन केन्द्र निर्माणको लागी पहल गरिने छ ।
- महिला, दलित, जनजाती तथा अल्पसंख्यक समुदायहरुलाई आय आर्जन तथा सीपमूलक कार्यक्रम संचालन गरी आर्थिक रुपमा आत्मनिर्भर बनाईने छ ।
- **"सुरक्षित महिनावारी, हामी सबैको जिम्मेवारी"** भन्ने मान्यतालाई सार्थक बनाउन आवश्यक कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । साथै पाठेघर खस्ने समस्यालाई समाधान गर्नको लागि घुम्ती स्वास्थ्य शिविर तथा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

**च. जनसंख्या व्यवस्थापन :**

- सभ्य समाज र आर्दश परिवार निर्माणको लागी आवश्यक कार्यक्रम संचालन गरिन नीति ल्याईनेछ ।

**छ. युवा तथा खेलकुद :**

- युवाहरुलाई श्रृजनात्मक कार्यमा उत्प्रेरित गर्न तथा खेलकुद गतिविधिलाई प्रवर्द्धन गर्ने खालका युवालक्षित कार्यक्रमहरु संचालन गरिने छ । गाउँपालिका स्तरीय र वडा स्तरीय खेलकुद मैदान निर्माणको लागी प्रदेश तथा संघ सरकारसँग पहल गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र अन्तर माध्यामिक विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड आयोजना गरी संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

## ३. पूर्वाधार विकास

### क. सडक :

- यस भगवतीमाई गाउँपालिकाको पूर्वाधार विकासको मुख्य आधार सडक रहेको हुँदा सवै वार्डहरुमा सडक संञ्जाल विस्तार गर्नुका साथै गाउँपालिका देखी वडा कार्यालयहरु जोड्ने मुख्य सडकहरुलाई बाह्रै महिना यातायात संचालन हुने गरी स्तरोन्नती गर्ने तर्फ विशेष प्राथामिकता दिईने छ ।
- गाउँपालिकाको वडा नं. १ देखी वडा नं. ७ जोड्ने चक्रपथ निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन तयार भईसकेको हुँदा चक्रपथ निर्माणको लागि प्रदेश तथा संघ सरकारसँग आवश्यक पहल गरिने छ ।
- यस गाउँपालिकासँग जोडिएका नगरपालिका र गाउँपालिकासँग अन्तरपालिका सडक संजाल जोड्नको लागि प्रदेश तथा संघ सरकारसँग पहल गरिने छ ।
- यस गाउँपालिका क्षेत्रभित्र पर्ने विभिन्न स्थानमा झोलुङ्गे पुल निर्माण गरिने छ भने पक्की पुल निर्माणको लागि प्रदेश तथा संघ सरकारसँग माग गरिनेछ ।
- कोप्ची, वुरुसे, सनिगाउँ, कट्टी, वेस्तडा, खोप देउली अन्तरपालिका सडक निर्माणको लागि प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

### ख. विद्युत :

- यस गाउँपालिका र ग्रामिण सामुदायिक विद्युतिकरण विभागको साझेदारीमा विद्युतको राष्ट्रिय प्रसारण लाईन जडानको लागि सम्झौता भई ठेक्का प्रक्रिया अगाडी बढेको हुँदा प्रत्येक वडाको वस्ती सम्म आगामी ३ वर्षभित्र राष्ट्रिय प्रसारण विस्तार गरी **"उज्यालो भगवतीमाई"** अभियानलाई सार्थक बनाईने छ ।

### ग. भवन तथा सहरी विकास :

- सुरक्षित, व्यवस्थित, भूकम्प प्रतिरोधी र वातावरणमैत्री भवन तथा आवास निर्माण गर्नका लागि भवन निर्माणसँग सम्बन्धीत भवनसंहिता, मापदण्ड र निर्देशिकाहरु तयार गरी कार्यान्वयनमा ल्याईनेछ । पुरानो तथा नयाँ भवनहरुको नक्सापास अनिवार्य गर्नुपर्ने व्यवस्था लागु गरी कार्यान्वयन गरिनेछ ।

- भूकम्प प्रतिरोधी भवनहरु निर्माणको लागि डकर्मीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

**घ. सिंचाई :**

- साना सिंचाई कार्यक्रम, ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तथा आशा परियोजनाको साझेदारीमा पानीको स्रोतहरुको पहिचान गरी सिंचाई कुलो, सिंचाई पोखरी निर्माण गर्नुको साथै पानीको स्रोत नभएको स्थानमा बर्षाको पानी संकलन गर्ने संरक्षण(भरण)पोखरीहरु बनाउन सहयोग तथा प्रोत्साहन गरिने छ ।

**ङ. संचार तथा प्रविधि :**

- सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा ईन्टरनेट सेवा सुचारु गरी सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाईनेछ ।

## ४ वातावरण तथा विपद व्यवस्थापन

### क. वन, भू तथा जलाधार संरक्षण

- यस भगवतीमाई गाउँपालिकामा रहेका महत्वपूर्ण जैविक विविधताहरुबाट उत्पादित वस्तुहरुको उचित प्रशोधन तथा वजारीकरणको उचित व्यवस्था गरिने छ ।
- जलवायु परिवर्तनका कारणहरुले विश्वलाई नै चुनौती दिईरहेको वर्तमान अवस्थामा जलवायू परिवर्तनको असर र प्रभावलाई न्यूनीकरण गर्न जलवायु अनुकुलित विकास कार्यक्रमहरु संचालन गरी हरित वातावरण प्रवर्द्धन गर्नका लागि विभिन्न साझेदार निकायहरुसंग सहकार्य गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समिति तथा कवुलियत वन समितिहरुले आफ्नो वनक्षेत्रभित्र छाडा पशु चौपाया चरिचरन नियन्त्रण गरी निश्चित क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गरि कार्यान्वयन गर्ने समितिहरुलाई प्रोत्साहन स्वरुप आर्थिक सहयोग तथा पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक वनको व्यवस्थापन, संचालन र वन पैदावरको सदुपयोगको लागि सामुदायिक वन समितिले बनाउने वन कार्ययोजना गाउँ कार्यपालिकाबाट अनुमोदन गराई लागु गर्ने व्यवस्था गरिने छ ।

- वन क्षेत्रभित्र हुने अतिक्रमणलाई सम्वन्धित निकायसँग समन्वय गरी अतिक्रमण कार्यलाई नियन्त्रण गरी सबै किसिमका वनहरु संरक्षण गर्ने नीति लिईएको छ ।
- भूक्षय तथा बाढी पहिरो नियन्त्रणको लागि प्रदेश सरकारसँगको सहयोग र समन्वयमा तटवन्ध निर्माण र वृक्षारोपण कार्यलाई प्रभावकारी बनाईनेछ ।
- वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयन, अनुगमन र नियमन गर्ने नीति लिईएको छ ।

## ख. जलवायु परिवर्तन र वातावरण संरक्षण

- आशा परियोजना र ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनासँग समन्वय गरी भरण पोखरी निर्माण, नर्सरी स्थापना, वृक्षारोपण कार्य गर्नुको साथै जलवायु परिवर्तन र वातावरण संरक्षण सम्वन्धी सचेतनामुलक कार्यक्रम तथा गोष्ठीहरुको आयोजना गरी पर्यावरण सन्तुलनको लागि आवश्यक पहल गरिनेछ ।
- आशा परियोजनाको सहयोगमा संचालित स्थानीय अनुकूलन परियोजना कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।

## ग. फोहोरमैला व्यवस्थापन

- गाउँपालिकाको केन्द्र वेस्तडावजार क्षेत्रलाई स्वच्छ र सफा राख्न फोहोरमैला व्यवस्थापनका लागि "फोहोर मलाई" नामक कन्टेनर व्यवस्था गरी ल्याण्डफिल्ड साईडको निर्माणका लागि पहल गरिनेछ ।

## घ. विपद व्यवस्थापन

- दैवी तथा प्राकृतिक प्रकोपहरुबाट हुने मानवीय क्षति न्युनिकरण गर्न, राहत तथा पुनस्थापना गर्नको लागि विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ । विपद् पुर्व तयारी कार्ययोजना बनाईनेछ ।
- जोखिम न्युनिकरणका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग समन्वय गरी वडा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, आम नागरिक तथा शिक्षक, विद्यार्थीलाई सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन :

### क. जनशक्ति, कार्यालय संगठन तथा व्यवस्थापन, सेवा प्रवाह र सुशासन :

- गाउँपालिका र वडा कार्यालय भवन निर्माणको लागि बजेट विनियोजन गरिएको र आवश्यक थप बजेट व्यवस्थाका लागि संघीय र प्रदेश सरकारसंग पहल गरिने छ ।
- यस गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको उच्च मनोवलका साथ तोकिएको जिम्मेवारी पुरा गर्नु तथा सेवाग्राहीलाई सुशासनको प्रत्याभुती हुनेगरी सेवाप्रवाहलाई गुणस्तरीय वनाई कार्यसम्पादन मुल्याङ्कनको आधारमा उचित पुरस्कार र सम्मानको व्यवस्था गरिने छ ।
- यस गाउँपालिका क्षेत्रभित्रका सवै कार्यालयहरुबाट प्रवाह गरिने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सूचनाको हकको प्रत्याभुती, नियमितता, मितव्यीतता, पारदर्शिता, जवाफदेहिता, जस्ता कार्यहरु मार्फत सुशासन अभिवृद्धि गर्दै यस गाउँपालिकालाई भ्रष्टाचारमुक्त गाउँपालिका बनाईने छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्वन्धी तालिम एवं गोष्ठी संचालनको लागि विभिन्न संघसंस्थासँग समन्वय र साझेदारी गर्ने व्यवस्था मिलाईनेछ ।
- कार्यालयबाट सम्पादन हुने कार्यलाई सेवाग्राहीमैत्री बनाईने छ ।
- न्यायिक समितिलाई सक्षम र प्रभावकारी बनाईने छ ।
- स्थानीय तहलाई प्राप्त अधिकार र जिम्मेवारी अनुसार गाउँपालिकालाई आवश्यक पर्ने कानूनहरु निर्माण गरी लागु गरिनेछ ।
- सबै वडा कार्यालयमा इन्टरनेटको पहुँच सहितको कम्प्युटर प्रणाली व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको वेवसाइट अध्यावधिक गरी गाउँपालिकाको हरेक सूचनाहरु वेवसाइटमा राखिने छ । डिजिटल सूचना प्रणालीको व्यवस्था गरिने छ।
- गाउँपालिकाको लेखा प्रणाली आ.व. २०७६।०७७ देखी सुत्र प्रणालीमा आवद्ध गरी लेखा प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र संचालन हुने आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन सुपरीवेक्षण गरी योजनाहरुमा पारदर्शिता र गुणस्तरीयता कायम गरिने छ

- ➢ गाउँपालिका तथा वडा कार्यालयलाई सूचना तथा प्रविधिमैत्री बनाईने छ ।
- ➢ संचारक्षेत्रलाई आवश्यक सहयोग गरिने छ ।

## ख. सामाजिक/सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई :

- ➢ गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा र सुविधाका बारेमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरी पारदर्शिता र वित्तीय सुशासन कायम गरिनेछ ।

## ग. राजश्व परिचालन :

- ➢ राजश्व तथा गैरकर राजश्वका दरहरुलाई फराकिलो पार्दै सबै करदाताहरुलाई करको दायरामा ल्याई आन्तरिक आम्दानी वृद्धि गरिनेछ । साथै नियमित कर भुक्तानी प्रकृयामा उत्कृष्ट करदाता छनौट गरि पुरस्कृत तथा सम्मान गरिने कार्यलाई निरन्तरता दिईने छ ।
- ➢ स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम आगामी आ.व. २०७६।०७७ देखी सम्पत्ती कर प्रणाली कार्यान्वयनमा ल्याइनेछ।
- ➢ आन्तरिक आय वृद्धि हुने किसिमका क्रियाकलापहरुलाई प्राथमिकता दिईनेछ
- ➢ व्यावसाय कर, वहाल कर असुलीलाई प्रभावकारी बनाउन नीजिक्षेत्रसँग सहकार्य गरी उद्योगी, व्यापार, व्यावसायीहरुको लगत खडा गरी कर असुल गरिनेछ ।
- ➢ राजश्व अभिलेख प्रणालीलाई व्यवस्थित बनाईने छ ।

## १८. अनुमानित व्यय र स्रोत व्यवस्थापन :

सभाध्यक्ष महोदय,

अब म माथि उल्लेखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि वस्ती तथा टोल स्तरीय भेला, वडा समिति, विषयगत समिति हुँदै गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भगवतीमाई गाउँपालिकाको आ.व.२०७६।०७७ को अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आ.व. २०७५।०७६ जेष्ठ मसान्तसम्मको

आम्दानी

| क्र.सं. | शिर्षक | रकम |
|---|---|---|
| १. | गत वर्षको जिम्मेवारी | ५,६२,५३,९६२।३३ |
| २. | आन्तरिक राजश्व | १३,५७,९७९।९७ |
| ३. | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ७,३४,००,०००। |
| ४. | संघीय सरकारबाट प्राप्त सशर्त अनुदान | १२,६१,७१,७५०। |
| ५. | संघीय सरकारबाट प्राप्त राजश्व वाडफाँड | ४,१७,०२,२१०।६० |
| ६. | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ४९,४८,०००। |
| ७. | प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान विषयतग निकायबाट प्राप्त रकम | ९,८५,५६२।५० |
| ८. | बहुक्षेत्रीय पोषण कार्यक्रम | १३,५६,०००। |
| ९. | गरिबसँग विश्वेश्वर कार्यक्रम | ३,९४,०००। |
| १०. | ग्रामीण जलस्रोत परियोजना | ७९,३९,४३०। |
| ११. | हेल्भेटास नेपाल | ६,००,०००। |
| १२. | स्थीय पूर्वाधार विकास कार्यक्रम | ६०,००,०००। |
| १३. | सामाजिक सुरक्षा कार्यक्रम | २,२३,३५,०००। |
| १४. | झोलुङ्गे पुल कार्यक्रम | ३२,००,०००। |
| १५. | साना सिंचाई कार्यक्रम | १,२५,२०,६१२। |
| १६. | स्थानीय तह क्षमता विकास कार्यक्रम | ३,०५,०००। |
| १७. | प्रधानमन्त्री रोजगार कार्यक्रम | ५,२०,०००। |
| | जम्मा रु | ३५,९९,८९,५०७।४० |

खर्चतर्फ

| क्र.सं. | शिर्षक | रकम |
|---|---|---|
| १. | वित्तीय समानीकरण | ५,०७,४५,३९४।०६ |
| २. | सशर्त अनुदान | ८,५९,९८,८३०।६५ |

| | | |
|---|---|---|
| ३. | राजश्व बाँडफाँड | ४,३५,२४,०११।०१ |
| ४. | मर्मत सम्भार कोष खाता | ५,७८,१५४। |
| ५. | साना सिंचाई कार्यक्रम | १,२५,२०,६१२।०० |
| ६ | बहुक्षेत्रीय पोषण | १०,०१,६००।०० |
| ७. | गरिबसँग विश्वेश्वर कार्यक्रम | ३,४६,५१२।०० |
| ८. | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ६०,००,०००।०० |
| ९. | झोलुङ्गे पुल कार्यक्रम | २६,८६,३५०।०० |
| १०. | विपद व्यवस्थापन कोष | ३,७५,०००।०० |
| ११. | प्रधानमन्त्री रोजगार कार्यक्रम | २,४३,४९०।०० |
| १२. | प्रदेश समपुरक अनुदान | ९,८५,५६२।५० |
| १३. | सामाजिक सुरक्षा भत्ता | २,८९,७३,८००।०० |
| | जम्मा रु. | २३३९८९३१६।२२ |

सभाध्यक्ष महोदय,

आगामी आ.व.२०७६।०७७ को लागि आय र व्यय सम्वन्धी संक्षिप्त बजेट प्रस्तुत गरेको छु ।

**आयतर्फः**

| क्र.सं. | विवरण | अनुमानित रकम रु. |
|---|---|---|
| १. | आन्तरिक राजश्व | रु.२५,५०,०००। |
| २. | संघीय सरकारबाट राजश्व बाँडफाँड वापत प्राप्त | रु.७,०१,००,०००। |
| ३. | गत वर्षको जिम्मेवारीबाट प्राप्त रकम | रु.३,३७,००,०००। |
| ४. | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण रकम | रु.८,०४,००,०००। |
| ५. | संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रकम | रु.१५,१२,००,०००। |
| ६. | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण रकम | रु.१,००,४९,०००। |
| ७. | प्रदेश सरकारबाट राजश्व बाँडफाँड वापत प्राप्त | रु.७,०१,०००। |
| ८. | संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदान | रु.१,००,००,०००। |
| ९. | संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान | रु.१,५०,००,०००। |
| १०. | प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान | रु.१,००,००,०००। |
| ११. | प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान | रु.५०,००,०००। |
| | कुल जम्मा | रु.३८,८७,००,०००। |

**यसमा सामाजीक सुरक्षा भत्ता समावेश गरिएको छैन ।**

**व्ययतर्फ :**

| क्र.सं. | विवरण | विनियोजित रकम रु. |
|---|---|---|
| १. | प्रशासनिक खर्च | ७,०१,००,०००। |
| २. | समपुरक कोष | .३,५०,००,०००। |
| ३. | मर्मत सम्भार कोष | २,००,०००। |
| ४. | गाउँपालिकाको भवन निर्माण | १,००,००,०००। |
| ५. | वडा कार्यालयहरुको भवन निर्माण | १,००,००,०००। |
| ६. | आर्थिक विकास | १,५२,००,०००। |
| ७. | सामाजिक विकास | ९०,००,०००। |
| ८. | पूर्वाधार विकास | ४,४५,००,०००। |
| ९. | संस्थागत विकास र सुशासन | ३५,००,०००। |
| १०. | सशर्त अनुदान | १५,१२,००,०००। |
| ११. | संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदान | १,००,००,०००। |
| १२. | संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान | १,५०,००,०००। |
| १३. | प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान | १,००,००,०००। |
| १४. | प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान | ५०,००,०००। |
| | जम्मा | ३८,८७,००,०००। |

**यसमा सामाजीक सुरक्षा भत्ता समावेश गरिएको छैन ।**

अन्तमा

यस भगवतीमाई गाउँपालिकाको पाँचौ गाउँसभाका सभाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँ सभाका सम्पुर्ण सदस्यहरु र राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीवि, समाजसेवी, शिक्षक, संचारकर्मी, गाउँपालिकावासी प्रति आभार व्यक्त गर्दै रचनात्मक सुझावहरु प्राप्त हुने आशा लिएको छु । प्रस्तुत नीति, कार्यक्रम र बजेट पारित गर्न सहयोग प्राप्त हुने र पारित पश्चात सफल कार्यान्वयनको लागि आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण सहयोगको अपेक्षा गर्दै सबै प्रति हार्दिक कृतज्ञता एंव धन्यवाद व्यक्त गर्दछु ।

धन्यबाद ।

**चन्द्रा रेग्मी**
**उपाध्यक्ष**
**मिति : २०७६ आषाढ १० गते**
**भगवतीमाई गाउँपालिका, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**